# तातोपानी गाउँपालिका

# जुम्ला

**गैर सरकारी संस्था समन्वय, परिचालन तथा अनुगमन सम्बन्धी निर्देशिका-२०८०**

## स्थानीय राजपत्र

**खण्डः ७ सङ्ख्याः१० मितिः चैत्र २५, २०८०**

## भाग-२

# तातोपानी गाउँपालिका, जुम्ला

स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम तातोपानी गाउँपालिका, गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागी यो राजपत्र प्रकाशन गरिएको छ ।

**गैर सरकारी संस्था समन्वय, परिचालन तथा अनुगमन सम्बन्धी निर्देशिका-२०८०**

गाउँसभा बाट पारित मितिः२०८०।१२।२४ गते

प्रमाणिकरण मितिः २०८०।१२।२५ गते

अध्यक्ष

गाउँ कार्यपालिकाबाट स्विकृत मिति २०८०।१२।२४

## प्रस्तावना

तातोपानी गाउँपालिकालाई कार्यक्षेत्र बनाई काम गर्ने गैरसरकारी संस्थाहरुसंग एकद्धार प्रणाली मार्फत आपसी सहयोग र साझेदारीलाई समेत परिचालन र प्रभावकारी बनाउन नेपालको संविधान २०७२ को भाग ४ धारा ५१ (ञ) (१४) र धारा ७२ (२) तथा नेपाल सरकार मन्त्रीपरिषदबाट स्वीकृत संघ, प्रदेश तथा स्थानीय तहको एकल तथा साझा अधिकार सूचीहरुको विस्तृतीकरणमा गरिएको व्यवस्था र स्थानीय सरकार सञ्चालन ऐन २०७४ दफा २५ र १०२ बमोजिम मिति २०८०।१२।२४ गतेको तातोपानी गाउँ कार्यपालिकाको बैठकबाट यो गैरसरकारी संस्था समन्वय, परिचालन तथा अनुगमन सम्बन्धी निर्देशिका २०८० जारी गरिएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस निर्देशिकाको नाम "गैर सरकारी संस्था समन्वय, परिचालन तथा अनुगमन सम्बन्धी निर्देशिका २०८०" रहेको छ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ।

**२.परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क)"निर्देशिका" भन्नाले गैर सरकारी संस्था समन्वय, परिचालन तथा अनुगमन निर्देशिका २०८० सम्झनुपर्दछ।

(ख)"गाँउपालिका" भन्नाले तातोपानी गाउँपालिका एंव तातोपानी गाउँ कार्य पालिकालाई सम्झनुपर्दछ।

(ग)"अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनुपर्दछ।

(घ)"उपाध्यक्ष" भन्नाले गाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्दछ।

(ङ)"अन्तराष्ट्रिय गैरसरकारी संस्था" भन्नाले विदेशमा दर्ता भई नेपालमा समाज कल्याण परिषद बाट स्वीकृत लिई सामाजिक सेवा तथा विकास कार्यमा संलग्न हुने तथा त्यस्तो कार्यमा सहयोग गर्ने संस्थालाई सम्झनु पर्छ।

(च) "समन्वय समिति" भन्नाले जिल्ला समन्वय समितिलाई सम्झनु पर्छ।

(छ)"दातृ निकाय" भन्नाले समाज कल्याण, सामाजिक सेवा तथा त्यस्तो कार्यमा सहयोग गर्ने नेपाल सरकार, विदेशी सरकार वा संघ संस्था आदिलाई सम्झनु पर्छ।

(ज) "मन्त्रालय" भन्नाले विषयगत मन्त्रालय सम्झनु पर्छ।



अध्यक्ष

(झ) "गैरसरकारी संस्था (गैसस)" भन्नाले लाभांश वा मुनाफा वितरण गर्ने उद्देश्य नराखी प्रचलित कानून बमोजिम दर्ता भई सामाजिक कार्य गर्ने संस्थाहरुलाई सम्झनु पर्छ।

(ञ) "विधान" भन्नाले गैरसरकारी संस्थाको विद्यान सम्झनु पर्छ।

(ट) "कार्यसमिति सदस्य" भन्नाले गैरसरकारी संस्थाका कार्य समितिका सदस्यलाई जनाउँछ।

(ठ) "सामाजिक सेवा तथा विकास कार्य" भन्नाले नेपाली समाजको समतामूलक विकास, सामाजिक रुपान्तरण, लोकतन्त्र मानव अधिकारको संरक्षण तथा प्रवर्द्धन, महिला, दलित, जनजाती, बालबालिका, जेष्ठ नागरिक, गरिब, अशक्त एंव अपाङ्गता भएका व्यक्ति, यौनिक अल्पसंख्यक तथा उपेक्षित समुदायको सर्वोपरी हित, जनचेतना, क्षमता विकास, सशक्तिकरण, वकालत, सामाजिक एंव पुनर्स्थापना, जलवायु परिवर्तन, विपद व्यवस्थापन, स्थानीय सुशासन लगायतका सामाजिक विकासका लागि गरिने कार्य सम्झनु पर्छ।

(ड) "संघसंस्था" भन्नाले लाभांश वा मुनाफा वितरण गर्ने उद्देश्य नराखी संघसंस्था दर्ता ऐन २०३४, राष्ट्रिय निर्देशिका ऐन २०१८ अनुसार दर्ता भएका तथा समाज कल्याण ऐन २०४९ अनुसार आवद्ध सामाजिक संस्थाहरुलाई सम्झनु पर्छ।

(ढ) "विषयगत समिति" भन्नाले गाउँपालिकामा गठित विभिन्न समितिलाई सम्झनु पर्छ।

(ण) "स्थानीय तह" भन्नाले नगरपालिका, गाउँपालिका र जिल्ला समन्वय समितिलाई सम्झनु पर्छ।

(त) "समिति" भन्नाले यसै निर्देशिका बमोजिम गठन हुने गैसस समन्वय समितिलाई सम्झनु पर्छ।

(थ) "गैसस महासंघ" भन्नाले गैससहरुको छाता संगठनलाई सम्झनु पर्छ।

## परिच्छेद-२

## संघसंस्थाहरुको वर्गीकरण र सामाजिक विकास कार्यक्रम

### ३. संस्थाहरुको सूचि तयार गर्ने:

(१) गाउँपालिकामा काम गरिरहेका, काम गर्न चाहने तथा गाउँपालिकामा कार्यालय रहेका सम्पूर्ण संघसंस्थाहरु सूचिकृत हुनुपर्नेछ। यसरी सूचिकृत भएका संस्थाहरुलाई गाउँपालिकाले अनुसूचि १ बमोजिमको सूचिकृत प्रमाण पत्र उपलब्ध गराउनेछ।

(२) सूचि तयार गर्दा सार्वजनिक सूचना मार्फत तपशिल अनुसार वर्गीकरण गरी अलग अलग सूची तयार गरिनेछ।

(क) सामाजिक संस्थाहरुः (जनचेतना, सशक्तिकरण, क्षमता विकास, आर्थिक विकास, सामाजिक परिचालन र पूर्वाधार विकासका एंव परिच्छेद १ नियम २ (ठ) अनुसारका कार्यहरु गर्ने गैर नाफामूलक संस्थाहरु)

(ख) खेलकुद विकास संस्थाहरुः (खेलकुदका क्षेत्रमा कार्यहरु गर्नेहरु)

(ग) धार्मीक सांस्कृतिक संस्थाहरुः (धर्म, संस्कृति, परम्पराका क्षेत्रमा कार्यहरु गर्ने)

अध्यक्ष

(घ) प्रतिष्ठान, ट्रष्ट तथा गुठीहरुः (कुनै पनि निश्चित उद्देश्य तथा कसैको सम्झनामा स्थापना भई कार्य गर्ने संस्थाहरु)

(ङ) पेशागत संस्थाहरुः (कुनै निर्दिष्ट पेशा, व्यवसायका क्षेत्रमा कार्यहरु गर्ने)

(च) संजाल तथा महासंघहरुः (कुनै निर्दिष्ट विषयगत क्षेत्रमा कार्य गर्ने प्रारम्भिक संस्थाहरुको छाता सञ्जालको रुपमा कार्य गर्ने)

(छ) उपभोक्ता समूहहरुः कुनै निर्दिष्ट विषयमा कार्य गर्नका लागि निश्चित अवधि तोकिएका अनौपचारिक समूहहरु)

(ज) अनुसन्धान संस्थाहरुः(अध्ययन अनुसन्धानका क्षेत्रमा कार्य गर्ने)

(झ) सामुदायिक संस्थाहरुः (निश्चित तोकिएको समुदाय विकासका लागि कार्य गर्ने स्थानीय संस्थाहरु)

(३) बाह्य स्रोत परिचालन नगरी आन्तरिक स्रोत र स्थानीय स्रोतबाट मात्र परिचालन हुने धार्मिक संस्थाहरु, उपभोक्ता समुहहरु, सामुदायिक संस्थाहरु लगायतका संस्थाहरु गाउँपालिकामा मात्र सूचिकृत गरी कार्य गर्न सकिनेछ । उक्त संस्थाको विद्यानमा उक्त बुंदा उल्लेख गरेको हुनुपर्नेछ र सो को विधान गाउँपालिकाबाट स्वीकृत हुनेछ ।

## ४. सामाजिक कार्यक्रमः

(क) गाउँपालिकाले स्थानीय तहहरुले सामाजिक संघ संस्थाहरु मार्फत सामाजिक परिचालन, नागरिक अधिकार, सामाजिक सचेतना तथा विकास कार्यक्रमहरु सञ्चालन गर्नेछन् ।

(ख) गाउँपालिकाले सामाजिक परिचालन लगायतका कार्यहरु गर्दा परिच्छेद २ को नियम ३ बमोजिम सूचिकृत गैससहरुलाई प्राथमिकता दिई समन्वय र साझेदारी गर्नेछ ।

(ग) संस्थाले आफ्नो उद्देश्य अनुसारका कार्यक्रमहरुमा खर्च गर्ने गरी आफ्नो स्रोत निर्माणका लागि आयमुलक कार्यक्रमहरु सञ्चालन गर्न सक्नेछन् ।

(घ) गाउँपालिकाले सामुदायिक विकासको क्षेत्रमा कार्यरत सम्पूर्ण गैरसरकारी संस्थाहरुको सूचि अद्यावधिक गरी कार्यक्रम तथा लगानीमा हुने दोहोरोपन हटाउन सक्नेछ ।

## ५. स्थानीय दिगो विकास सम्बन्धी कार्यक्रम सञ्चालनः

गाउँपालिकामा दिगो विकास सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्दा गाउँपालिकाले जनचेतनामूलक, सामाजिक परिचालन, क्षमता विकास, सशक्तिकरण, आयआर्जन तथा आर्थिक उपार्जन एंव पूर्वाधार विकासका क्षेत्रमा देहाय बमोजिमका कार्यक्रमहरुलाई प्राथमिकता दिई विशेष कार्यक्रमहरु छनौट गरी साझेदारीमा सञ्चालन गर्नेछ ।

(क) महिला, बालबालिका, किशोरकिशोरी, युवा, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, यौनिक अल्पसंख्यक, आदिवासी/जनजाति, दलित, विपन्न, असहाय,एकल महिला, HIV प्रभावित तथा संक्रमित, विपद प्रभावित, सीमान्तकृत समुदायको हित र कल्याण सम्बन्धी कार्यक्रम,



अध्यक्ष

(ख)रोजगार एंव स्वरोजगार सिर्जना सम्बन्धी कार्यक्रम,

(ग) स्थानीय विकासका लागि सहभागिता अभिवृद्धि गर्न र समावेशीकरण, लैङ्गिक मूलप्रवाहीकरण र सशक्तिकरण सम्बन्धी कार्यक्रम,

(घ) ऐन कानून, मानव अधिकार, लोकतन्त्र, सुशासन संरक्षण तथा प्रवर्द्धनात्मक हुने खालका कार्यक्रम,

(ङ) स्रोत साधनमा पछाडी पारिएका समुदायको पँहुच, स्वामित्व र नियन्त्रण बढाउने कार्यक्रम,

(च) कृषि उत्पादन, खाद्य सुरक्षा तथा पोषण सम्बन्धी कार्यक्रम,

(छ) सामाजिक कुरीति तथा अन्धविश्वास विरुद्धको अभियान तथा कार्यक्रम,

(ज) गरिवी निवारण, आयआर्जन तथा सीप विकास सम्बन्धी कार्यक्रम,

(झ) नागरिक कर्तव्य तथा दायित्व सम्बन्धी सचेतना कार्यक्रम,

(ञ) वन तथा वातावरण संरक्षण, जलवायु वरिवर्तन, अनुकुलन तथा प्रभाव न्युनिकरण एंव विपद जोखिम न्यूनिकरण सम्बन्धी कार्यक्रम,

(ट) स्वास्थ्य जनचेतना अभिवृद्धि तथा सेवा प्रवाह सम्बन्धी कार्यक्रम,

(ठ) आधारभूत तथा माध्यमिक, प्राविधिक शिक्षाका शैक्षिक उद्देश्य परिपूर्ति गर्ने सम्बन्धी कार्यक्रम,

(ड) खानेपानी, सरसफाई, जलस्रोत व्यवस्थापन, लघु तथा वैकल्पिक उर्जा विकास कार्यक्रम,

(ढ) भौतिक पूर्वाधार विकास निर्माण तथा मर्मत सम्बन्धी कार्यक्रम,

(ण) सङ्घीय सरकार, प्रदेश सरकार, दिगो विकास लक्ष्यलाई परिपूर्ति गर्ने सम्बन्धी कार्यक्रम,

## परिच्छेद-३

## कार्यक्रम सञ्चालन तथा समन्वय

**६. गाउँपालिकासंग समन्वयः**

(१) यस निर्देशिका अन्तर्गत सूचिकृत भएका र हुन चाहने संस्थाहरुको कार्यक्रमलाई समितिले अद्यावधिक गर्दै जानेछ । गाउँपालिकामा गैसस मार्फत सञ्चालन हुने कार्यक्रमलाई आपसी समन्वय, सहजिकरण, सहयोग र संलग्नतामा सञ्चालन गरिनेछ । गैससले काम गर्ने क्षेत्रको कार्यक्रमको प्रकृति हेरी गाउँसभामा पेश गर्ने वा समन्वय वा जानकारी गराई काम गर्नुपर्नेछ ।

(क) एक बर्ष भन्दा छोटो अवधिको परियोजनाहरु, सभा, सम्मेलन, गोष्ठी, तालिम, कार्यशाला, नागरिक शिक्षा, सुशासन तथा जवाफदेहिता प्रवर्द्धन, मानब अधिकार प्रवर्द्धन, सर्वेक्षण र अध्ययन अनुसन्धान सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्नुपुर्व गाउँपालिकालाई लिखित रुपमा जानकारी गराई कार्यक्रम सञ्चालन गर्ने । कार्यक्रम सम्पन्न पश्चात प्रतिवेदन गाउँपालिकामा पेश गर्नुपर्नेछ ।

(ख) गाउँपालिकाको नियमित र विषयगत कामसंग मेल खाने प्रकृतिका परियोजना तथा कार्यक्रमहरुमा गाउँपालिकासंग समन्वय गरेर काम गर्ने ।



अध्यक्ष

(२) गैससहरुले सञ्चालन गर्ने एक बर्ष भन्दा लामो वा बहुवर्षीय परियोजना वा कार्यक्रम स्थानीय योजना तर्जुमा प्रक्रिया मार्फत गाउँपालिकाको एकिकृत बार्षिक कार्यक्रम तथा बजेटमा समावेश हुने गरि पेश गर्नुपर्नेछ र गाउँसभामा स्वीकृत गर्नुपर्नेछ। जसको ढाँचा अनुसूचि २ अनुसार हुनेछ।

(३) गाउँसभा सम्पन्न भएपछि गैससहरुको कार्यक्रम बजेट स्वीकृत गर्नु पर्ने भएमा गाउँ कार्यपालिकाबाट स्वीकृत गराउनु पर्नेछ र अर्को आर्थिक बर्षको गाउँसभाबाट अनुमोदन गराउन सकिनेछ।

**७. गैसस समन्वय समिति गठन:**

(१) गैससहरुसँग समन्वय र साझेदारी प्रवर्द्धन गर्न निम्न बमोजिम ७ सदस्यीय गैसस समन्वय समिति गठन गरिनेछ।

(क) गाउँपालिका उपाध्यक्ष - संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) गाउँपालिकाको सामाजिक विकास समिति संयोजक - सदस्य

(घ) गैसस महासंघको गाउँ समन्वय समितिको अध्यक्ष एक जना -सदस्य

(ङ) गाउँक्षेत्रमा कार्य गर्ने गैससहरुमध्येबाट कम्तीमा १ जना महिला सहित समावेशी हुने गरी गाउँपालिकाले मनोनित गरेको २ जना प्रतिनिधि - सदस्य

(च) गाउँपालिका सामाजिक शाखा प्रमुख - सदस्य सचिव

**८. गैसस समन्वय समितिको बैठक सम्बन्धी व्यवस्था:**

१. समितिको वैठक सामान्यतया तीन महिनामा एकपटक बस्नेछ। आवश्यक्ता अनुसार वैठक बस्न सक्नेछ।

२. बैठकको अध्यक्षता संयोजकले गर्नेछन। संयोजकको अनुपस्थितिमा समितिको सदस्य वा सामाजिक विकास समितिको संयोजकले गर्नेछन्।

३. बैठकको गणपुरक संख्या ५१ प्रतिशत हुनुपर्नेछ।

४. बैठकको निर्णय संभव भएसम्म सर्वसम्मत रुपमा गरिनेछ। यदि मत बाझिएको खण्डमा बैठकमा उपस्थित सदस्यको सामान्य बहुमतका आधारमा गरिनेछ भने मत बराबर भएका बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनुपर्नेछ।

५. बैठकको छुट्टै निर्णय पुस्तिका हुनुपर्नेछ र सोमा बैठकका निर्णयहरु हुनेछन। बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णय प्रमाणित गरी राख्नुपर्नेछ।

६. समितिले कुनै पनि व्यक्ति तथा विशेषज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ। तर त्यस्तो आमन्त्रण गरेको व्यक्तिलाई बैठकमा मतदान गर्ने अधिकार हुनेछैन।



अध्यक्ष

७. बैठक सञ्चालन सम्बन्धी अन्य कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ।

८. समितिका सदस्यहरुले नियमानुसार बैठक बसेको दिन बैठक भत्ता पाउनेछन्।

## ९. समितिको काम, कार्तव्य र अधिकार:

(क) गाउँपालिका क्षेत्रभित्र कार्यक्षेत्र भएका गैससहरुलाई नियमानुसार सुचिकृत गर्ने,

(ख) गाउँपालिका र गैसस बीचमा चौमासिक समिक्षा कार्यक्रमको आयोजना गर्ने,

(ग) गैससको कार्यक्रमहरुको अनुगमनका लागि योजना बनाउने, कार्यान्वयन गर्ने, प्रतिवेदन तयार गर्ने, पृष्ठपोषण दिने,

(घ) गाउँपालिकाले सञ्चालन गरेका कार्यक्रम र विकास आयोजनाका लागि अनुगमन र मुल्यांकनका लागि गैससको प्रतिनिधित्वका लागि सिफारिस गर्ने,

(ङ) गाउँपालिकाका कार्यक्रमहरु गैसस मार्फत गर्ने गरी भएको अवस्थामा सक्षम दक्ष गैसस छनौटका लागि गाउँपालिकालाई सहयोग गर्ने,

(च) गाउँपालिकाको सबै चरणको योजना तर्जुमा प्रक्रियामा गैससको सहभागिताको सुनिश्चितता गर्ने एंव योजना तर्जुमा प्रक्रियामा गाउँपालिकालाई आवश्यक सहयोग गर्ने,

(छ) गैससलाई आवश्यक पर्ने विभिन्न सिफारिसहरु प्रदान गर्ने,

(ज) गैससको अभिलेखलाई चुस्त दरुस्त र व्यवस्थित बनाउन सहयोग गर्ने,

(झ) गैसस संग समन्वय, सहजीकरण र आवश्यक सहयोग गर्ने,

(ञ) गाउँपालिकाले तोकेको अन्य कार्य गर्ने

## १०. संयोजकको काम, कर्तव्य र अधिकार:

(क) समितिको बैठक बोलाउन सदस्य सचिवलाई निर्देशन दिने,

(ख) बैठकको अध्यक्षता गर्ने,

(ग) समितिका सदस्यहरुलाई कामको बाँडफाड गर्ने तथा सम्बन्धित कार्यहरुमा आवश्यक समन्वय गर्ने,

(घ) विषयगत योजना तर्जुमा समिति र एकिकृत योजना तर्जुमा समितिको बैठकमा गैससको सहभागिता सुनिश्चितता गर्ने,

(ङ) समितिको विशेष कार्यक्रमहरु तथा निर्णयहरु सञ्चालन गर्न वित्तीय स्रोत जुटाउने तथा परिचालन गर्ने,

(च) समितिका काम कारवाही तथा निर्णयहरुलाई गाउँपालिकाको समिक्षा बैठकमा पेश गर्ने वा गर्न लगाउने,

(छ) समितिका निर्णयहरु प्रमाणित गर्ने,

(ज) समितिको बैठक सहभागितात्मक रुपमा सञ्चालन गर्ने,

(झ) गाउँपालिकामा आवश्यक्ता अनुरुप प्रतिवेदन पेश गर्ने वा गर्न लगाउने,

(ञ) विषयगत शाखाहरुका समाजिक विकासका कार्यक्रमहरु सञ्चालनमा समन्वय गर्ने गराउने,

(ट) गाउँ सभाबाट निर्णय भएका तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने,



अध्यक्ष

**११. सदस्य सचिवको काम, कर्तव्य र अधिकार:**

समितिका सदस्य सचिवको काम कर्तव्य र अधिकार निम्नानुसार हुनेछ ।

(क) संयोजकको सल्लाह अनुसार बैठक बोलाउने, कार्यसूचि तयार गर्ने, बैठकमा निर्णयार्थ पेश गर्ने,

(ख) बैठकको निर्णय लेखन गर्ने तथा प्रमाणित गराउने,

(ग) समिति संग सम्बन्धीत सूचना, तथ्यांक तथा अभिलेखहरु दुरुस्त राख्ने र अद्यावधिक गर्ने,

(घ) गाउँपालिकाका विषयगत शाखा वा अन्य इकाईहरु संग समन्वय गर्ने,

(ङ) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई प्रतिवेदन दिने तथा जानकारी गराउने,

(च) गाउँपालिकाको सामाजिक विकास तथा संघसंस्था समन्वय शाखाबाट भए गरेका सामाजिक विकाससंग सम्बन्धीत कार्यहरुको बारेमा समितिलाई जानकारी गराउने,

(छ) गैससको दर्ता तथा नविकरणको अवस्थाबारे समितिमा जानकारी गराउने,

(ज) संयोजक तथा समितिले तोकेका अन्य आवश्यक कार्यहरु गर्ने,

**१२. सदस्यहरुको काम कर्तव्य र अधिकार:**

समितिका सदस्यहरुको काम कार्तव्य र अधिकार निम्नानुसार हुनेछ ।

(क) समितिले सुम्पिएको जिम्मेवारी बहन गर्ने,

(ख) बैठकमा उपस्थित भई विषयवस्तुको छलफलमा सक्रियतापुर्वक भाग लिने,

(ग) बैठकको निर्णयलाई कार्यान्वयन गर्ने,

(घ) बैठकमा निर्णयका लागि मतदान गर्ने,

(ङ) समितिबाट तोकिएको समग्र कामहरुलाई कार्यान्वयन गर्ने सहयोग पुर्याउने,

(च) आफ्नो क्षेत्रमा सञ्चालित समाजिक विकास संस्थाहरु बारेको जानकारी छलफलमा ल्याउने,

**१३. गैसस समन्वय समितिको आचरसंहिता:**

गैसस समन्वय समिति, यसका निर्णय र कामकारवाहीलाई विश्वासिलो बनाउन र आत्म नियन्त्रणका लागि तल उल्लेखित आचरसंहिताको पालना गर्नेछ ।

(क) सामाजिक विकासमा सबै पक्षको समन्वयका लागि स्थानीय सरकार सञ्चालन ऐन, नियम, कार्यविधि र विनियमका आधारमा निर्णयहरु गरिनेछ,

(ख) हरेक सदस्यले प्रस्तावका सन्दर्भमा आफ्ना विचार स्वस्थ र सरल रुपले छलफलमा ल्याउने,

(ग) कुनै संघ संस्था वा व्यक्तिप्रति पक्षपातपुर्ण व्यवहार वा भेदभाव गरिनेछैन,

(घ) स्थानीय सामाजिक विकास संस्था र संघसंस्थाप्रति समन्वयकारी भुमिका निर्वाह गरिनेछ,

(ङ) समितिको निर्णयप्रति सबैले जिम्मेवारी बहन गर्नेछन,

(च) समितिका कार्यहरु पारदर्शी र बस्तुनिष्ठ हुनेछन,

(छ) समितिले आफ्ना निर्णयहरु सार्वजनिक गर्नेछ,

अध्यक्ष

**१४. पदावधी सम्बन्धी व्यवस्था:**

(क) समितिका पदेन सदस्य बाहेक अन्य सदस्यहरुको पदावधि २ बर्षको हुनेछ,

(ख) पदेन सदस्य बाहेक अन्य सदस्यहरु पुनः मनोनयन हुन सक्नेछन,

**१५. पद त्याग गर्न सक्ने:**

(क) समितिका पदेन सदस्य बाहेक अन्य सदस्यले संयोजक मार्फत लिखित राजिनामा दिई पद त्याग गर्न सक्नेछ,

(ख) उपनियम (क) बमोजिम प्राप्त राजिनामा स्वीकृत भएपछि मात्र पदत्याग गरेको मानिनेछ,

(ग) राजिनामा स्वीकृत पश्चात खाली हुन आएको पदमा बाँकी अवधिको लागि समितिले मनोनित गर्नेछ,

**१६. सदस्यता कायम नरहने**

देहायको अवस्थामा समितिका पदेन सदस्य बाहेकका अन्य सदस्यको सदस्यता कायम रहनेछैन।

(क) राजिनामा स्वीकृत भएमा,

(ख) मनासिव माफिकको लिखित सूचना नदिई लगातार तीन पटकसम्म नियमित वैठकमा अनुपस्थित भएमा,

(ग) प्रचलित कानुन बमोजिम नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाएमा,

(घ) यस निर्देशिकाको सिद्धान्त र उद्देश्य विरुद्ध कुनै काम गरेको भनि समितिले प्रमाणित गरेमा,

(ङ) पदावधि सिकएमा,

(च) मृत्यु भएमा,

(छ) समितिको कोष हिनामिना गरेको प्रमाणित भएमा,

**१७. प्रगती प्रतिवेदन पेश गर्नुपर्ने:**

१) यस गाउँपालिकामा कार्यक्रम सञ्चालन गर्ने गरी सूचिकृत भएका सबै गैससहरुले गाउँपालिका समक्ष प्रत्येक आर्थिक बर्ष समाप्त भएको ४ महिनाभित्र लेखापरिक्षण प्रतिवेदन एंव बार्षिक प्रगती प्रतिवेदन पेश गर्नुपर्नेछ।

**१८. सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई सम्बन्धी व्यवस्था:**

१) गैससले सञ्चालन गरेका कार्यक्रमको लक्ष्य, बजेट, कार्यक्रम एंव उपलब्धीका बारेमा कार्यक्रम कार्यान्वयन गरिएको स्थानका सरोकारवालाहरु स्थानीय जनप्रतिनिधि, समाजसेवी, सञ्चारकर्मी, नागरिक समाज, एंव उपभोक्ता समेतको सहभागितामा बार्षिक रुपमा सामाजिक परिक्षण तथा सार्वजनिक लेखा परीक्षण तथा सुनुवाई गर्नुपर्नेछ,

२) गाउँपालिकाले गैससको लागि सामाजिक लेखा परीक्षण तथा सुनुवाई सम्बन्धी मार्ग निर्देशिका बनाई लागु गर्न सक्नेछ।

अध्यक्ष

**१९. गैरसरकारी संस्थामा स्थानीय तहको संलग्नता:**

१) गाउँपालिकाका पदाधिकारी सदस्य तथा कार्यरत कर्मचारीहरु संघीय ऐन बमोजिम दर्ता भएका गैरसरकारी संस्थाका सदस्य, कार्यसमितिका सदस्य वा पदाधिकारी र कर्मचारीका रुपमा संलग्न हुन पाउने छैनन्।

**२०. गैससको प्रतिनिधित्व:**

१) स्थानीय तहका विभिन्न विषयगत समितिहरु र नेपाल सरकारद्धारा गठन गरिने गैरसरकारी संस्था सम्बन्धी विभिन्न समिति वा उपसमितिमा विषयगत गैरसरकारी संस्थाको प्रतिनिधित्व हुनेछ ।

**२१. कार्यक्रमको विवरण सार्वजनिक गर्नुपर्ने:**

यस निर्देशिका बमोजिम सूचिकृत हुने हरेक गैससले आफ्नो संस्थाले गर्ने र गरिरहेका कामहरुबारे सबैलाई जानकारी गराउनका लागि संस्था र कार्यक्रम सम्बन्धी विवरण संस्थामा टाँस गर्नुपर्नेछ ।

## परिच्छेद-४

गैरसरकारी संस्था र गाउँपालिकाको योजना तर्जुमा

**२२. योजना तर्जुमा प्रक्रियामा गैससहरुको सहभागिता:**

(१) गाउँपालिकाको योजना निर्माण प्रक्रियामा गैरसरकारी संस्थाहरुले आवश्यक सहयोग गर्नुपर्नेछ ।

(२) सम्बन्धीत विषय र क्षेत्रको सूचना संकलनमा गाउँपालिकाको आवश्यक्ता अनुसार सहयोग गर्नुपर्नेछ ।

(३) गाउँपालिकाको योजना निर्माण प्रक्रियाको प्रारम्भिक चरणदेखि नै बैठकमा सम्बन्धीत गैससहरुको सहभागिता र प्रतिनिधित्व गर्नुपर्नेछ ।

(४) गैससहरुले सम्बन्धीत विषय र क्षेत्रमा कार्यक्रमको दोहोरोपन हटाउन गाउँपालिकालाई सहयोग गर्नुपर्नेछ ।

(५) गैससले स्थानीय तहका योजना निर्माण र कार्यान्वयनबारे जनचेतना अभिवृद्धिमा आवश्यक सहयोग गर्नुपर्नेछ ।

**२३. योजना कार्यान्वयन र साझेदारी:**

(१) गाउँपालिका र विषयगत शाखाहरुको योजना कार्यान्वयनमा गैससहरुले आफ्नो स्रोत र क्षमताअनुसार आर्थिक तथा प्राविधिक साझेदरी गर्नुपर्नेछ ।

(२) गाउँपालिकामा सञ्चालित विकास आयोजनाहरुको गुणस्तर अभिवृद्धिका लागि अनुरोध भई आएमा आवश्यक्ता अनुसार ज्ञान, सीप, परामर्श तथा सुझाब उपलब्ध गराउनुपर्नेछ ।

(३) परियोजना समीक्षा बैठकहरुमा सहभागी हुने र पृष्ठपोषण दिनुपर्नेछ ।

(४) गाउँपालिकाले विभिन्न विषयगत क्षेत्रका कार्यक्रमहरु प्रभावकारी कार्यान्वयनका लागि गाउँपालिकाभित्र सूचिकृत भएका गैससहरुलाई छनौट गरी साझेदारीमा कार्यक्रम सञ्चालन गर्ने गरी परिचालन गर्न सक्नेछ ।

(५) गाउँपालिका र गैसस बीचमा नियमित समन्वय, सहकार्य र साझेदारी हुनुपर्नेछ ।



अध्यक्ष

## २४. स्थानीय योजना अनुगमन तथा मूल्यांकनः

(१) गाउँपालिकाबाट सञ्चालन हुने विभिन्न कार्यक्रमहरु तथा विकास आयोजनाहरुको अनुगमन तथा मूल्यांकन प्रक्रियामा विषयगत गैससहरुलाई गैसस समन्वय समितिको सिफारिसको आधारमा प्रत्येक्ष सहभागी गराईनेछ।

(२) गाउँपालिकाले स्वतन्त्र रुपमा कार्यक्रम तथा विकास आयोजनाको तेस्रो पक्ष मूल्यांकन गर्नेछ जसमा गाउँपालिकामा सूचिकृत भएका दक्ष गैससहरुलाई प्राथमिकता दिईनेछ।

## २५. गैससका कार्यक्रम अनुगमनः

(१) गाउँपालिकामा सञ्चालित गैससहरुको परियोजना तथा कार्यक्रमहरु अनुगमन गर्नेछ। अनुगमन कार्यको योजना तथा कार्यान्वयन गैसस समन्वय समिति मार्फत हुनेछ। वडा समितिको प्रतिनिधित्व अनिवार्य गर्दै अनुगमनमा सम्बन्धीत गैसस समेतको प्रतिनिधित्व गराईनेछ। अनुगमन पश्चात अनुगमन समितिले दिएका सुझाव तथा निर्देशनहरु सम्बन्धीत गैससले अनिवार्य पालना गर्नुपर्नेछ।

(२) उपनियम (१) का लागि गाउँपालिका, सम्बन्धीत गैसस तथा अन्य सहयोगीबाट अनुगमन कोष स्थापना गरी सोही कोषबाट खर्च गर्न सकिनेछ।

# परिच्छेद-५

## २६. वैदेशिक सहयोगः

गाउँपालिकामा परिचालन हुने वैदेशिक सहयोग गाउँपालिका भित्र गाउँपालिकामा सूचिकृत गैससहरु मार्फत मात्र परिचालन गरिनेछ।

## २७. एकद्धार प्रणाली सम्बन्धमाः

(१) गाउँपालिकामा कार्यक्षेत्र रहेका सम्पूर्ण गैससहरुले कार्यक्रमहरुलाई दोहोरोपन हुन नदिन एकद्धार प्रणाली अपनाईनेछ। सो का लागि सबै गैससहरु अनिवार्य रुपमा गाउँपालिकामा सूचिकृत हुनुपर्नेछ। साथै कार्यक्रम गाउँसभाबाट पारित गर्नुपर्ने वा गैसस मार्फत कार्यक्रमको पूर्व स्वीकृत लिएर मात्र कार्यान्वयन गर्नुपर्नेछ।

## २८. अन्तराष्ट्रिय गैसस सम्बन्धमाः

(१) गाउँपालिकामा काम गर्न चाहने अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरुले गाउँपालिकामा सूचिकृत भएका गैरसरकारी संस्था मार्फत मात्र कार्य गर्नुपर्नेछ।

(२) कुनै पनि अन्तराष्ट्रिय गैरसरकारी संस्थाले आफ्नो कार्यक्षेत्र रहेको गाउँपालिकामा कार्यालय राखी कार्यक्रमको प्रत्येक्ष कार्यान्वयन गर्न पाउने छैन।

अध्यक्ष

## परिच्छेद-६

२९. कुनै नयाँ संस्थालाई दर्ता गर्न, पुराना संस्थाहरुको नविकरण गर्न, अन्य जिल्ला तथा स्थानीय तहमा केन्द्रिय कार्यालय रही यस गाउँपालिकामा शाखा दर्ता गर्न र संस्थाको विद्यान संशोधन गर्नका लागि जिल्ला प्रशासन कार्यालयमा सिफारिस गर्ने साथै दातृ तथा अन्य निकायहरुमा संस्थाको बारेमा कुनै विषयमा सिफारिस गर्ने कार्य गाउँपालिकाको सामाजिक विकास शाखाबाट गरिनेछ । सिफारिसका लागि देहायका कागजातहरु संलग्न राख्नुपर्नेछ ।

**२९.१ नयाँ संस्था दर्ताको सिफारिस गर्न आवश्यक कागजातहरुः**

१) अनुसूचि ३ मा उल्लेख भएको ढाँचा अनुसारको निवेदन १ थान,

२) प्रारम्भिक भेलाले पारित गरेको संस्थाको विद्यान १ थान,

३) प्रारम्भिक भेलाले संस्था दर्ताका लागि तदर्थ समितिको गठन तथा संस्था दर्ता गर्न गरेको निर्णयको प्रतिलिपि १ थान,

४) संस्थाको दर्ताको लागि गठित तदर्थ समितिको पदाधिकारीहरुको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि १ थान,

५) अनुसूचि ४ मा उल्लेख भएको ढाँचा अनुसारको विवरण भरेको फारम १ थान,

६) गाउँपालिकाले तोके अनुसारको सिफारिस दस्तुर बुझाएको भौचर वा नगदी रसिद १ थान,

७) सम्पुर्ण आवश्यक कागजात सहित प्राप्त निवेदन दर्ता भई सबै कागजात उपयुक्त रहेको अवस्थामा नयाँ संस्था दर्ताका लागि निवेदन दर्ता मितिले सिफारिस दिने कार्यमा ७ दिनसम्म समय लाग्न सक्नेछ । आवश्यक्ता अनुसार विद्यान अध्ययन तथा छलफलका लागि समितिको बैठक बस्न सक्नेछ । निवेदकले व्यवस्थित फाईलिङ्ग खातिर सम्पूर्ण कागजातहरु ब्याण्डिङ्ग सहित गुणस्तरीय फाईलमा फाईलिङ्ग गरेर पेश गर्नुपर्नेछ,

८) संस्थाको कार्यालय रहने वडा समितिको कार्यालयको सिफारिस पत्र,

**२९.२ पुराना संस्थाहरुको नविकरण सिफारिस गर्न आवश्यक कागजातहरुः**

१) अनुसूचि ५ को ढाँचाअनुसार संस्था नविकरणका लागि संस्थाको आधिकारिक पत्र १ थान,

२) अघिल्लो आ.व. को लेखापरिक्षण प्रतिवेदन १ थान,

३) अघिल्लो आ.व. को प्रगती विवरण ४ पानासम्म १ थान (अनुसूचि ६ अनुसार)

४) चालु वा आगामी आ.व. को कार्यक्रम विवरण २ पानासम्म १ थान (अनुसूचि ७ अनुसार)

५) आन्तरिक राजश्व कार्यालयको नविकरण सम्बन्धी सिफारिस १ थान

६) स्थायी लेखा नं दर्ताको प्रमाणपत्र प्रतिलिपि १ थान

७) गाउँपालिकाले तोके अनुसारको दस्तुर बुझाएको भौचर वा नगदी रसिद १ थान

८) हरेक बर्ष आश्विन मसान्त भन्दा पछि नविकरण सिफारिस गर्दा विलम्ब दस्तुर नियमानुसार लिईनेछ ।



अध्यक्ष

९) सम्पुर्ण आवश्यक कागजात साथ प्राप्त निवेदन दर्ता भई सबै कागजात उपयुक्त रहेको अवस्थामा दर्ता मितिका दिनमा गाउँपालिकाले सिफारिस दिनेछ । साथै व्यवस्थित फाईलिङ्ग खातिर सम्पुर्ण कागजातहरु फाईलमा फाईलिङ्ग गरेर पेश गर्नुपर्नेछ ।

**२९.३ दातृसंस्था तथा अन्य निकायहरुमा संस्थाको कुनै विषयका लागि सिफारिस गर्न आवश्यक कागजातहरु,**

१) सिफारिस माग सम्बन्धी संस्थाको आधिकारिक पत्र १ थान

२) सिफारिस गरिने विषयसंग सम्बन्धीत प्रमाणहरु

३) गाउँपालिकाले तोके अनुसारको सिफारिस दस्तुर बुझाएको भौचर वा नगदी रसिद

४) सम्पुर्ण आवश्यक कागजात साथ निवेदन दर्ता भई सबै कागजात उपयुक्त रहेको अवस्थामा दर्ता मितिकै दिनमा गाउँपालिकाको सिफारिस दिनेछ ।

**२९.४ अन्य तहमा केन्द्रीय कार्यालय रही यस गाउँपालिकामा जिल्ला शाखा दर्ताका लागि सिफारिस गर्न आवश्यक कागजातहरु**

१. संस्थाको आधिकारिक पत्र

२. कार्यसमितिको शाखा दर्ता सम्बन्धीको निर्णय प्रतिलिपि १ थान

३. संस्थाको विद्यान

४. संस्थाका कार्य सञ्चालन समितिका पदाधिकारीहरुको नागरिकताको प्रमाणपत्र

५. अनुसूचि ८ मा उल्लेख भएको ढाँचा अनुसारको फारममा विवरण भरेको १ प्रति

६. गाउँपालिकाले तोकेको सिफारिस दस्तुर बुझाएको भौचर वा नगदी रसिद

७. सम्पुर्ण आवश्यक कागजात साथ प्राप्त निवेदन दर्ता भई सबै कागजात उपयुक्त रहेको अवस्थामा बाहेक संस्था शाखा दर्ताका लागि निवेदन दर्ता मितिले सिफारिस दिने कार्यमा ७ दिनसम्म समय लाग्न सक्नेछ । विद्यान अध्ययन तथा छलफलका लागि समितिको बैठकमा राख्न सकिनेछ ।

८. संस्थाको कार्यालय रहने वडा समितिको कार्यालयको सिफारिस पत्र,

**२९.५ संस्थाको विद्यान संशोधनका लागि सिफारिस गर्न आवश्यक कागजातहरु**

१. संस्थाको आधिकारिक पत्र

२. विद्यान संशोधन सम्बन्धी साधारण सभाको निर्णय प्रतिलिपि,

३. संस्थाको संशोधित विद्यानको पुष्ट्याई सहितको नियम, उपनियमहरु अनुसूचि ६ बमोजिमको फारम प्रतिलिपि १ थान,

४. गाउँपालिकाले तोके अनुसारको सिफारिस दस्तुर बुझाएको भौचर वा नगदी रसिद

५. सम्पुर्ण आवश्यक कागजात साथ प्राप्त निवेदन दर्ता भई सबै कागजात उपयुक्त रहेको अवस्थामा दर्ता मितिकै दिनमा यथाशिघ्र सिफारिस दिनुपर्नेछ ।



अध्यक्ष

(नोटः अपाङ्गता भएका र एकल महिला मात्र आवद्ध एंव सम्मिलित व्यक्तिद्धारा सञ्चालित संस्थाका लागि लाग्ने दस्तुरमा ५० प्रतिशत छुट हुनेछ)

## परिच्छेद-७

**३०. पुरस्कार र प्रोत्साहनः**

गाउँपालिकाले सामाजिक सेवा तथा विकास कार्यमा संलग्न भई जनताको अधिकार संरक्षण गर्ने तथा पछाडी पारिएको वर्ग र समुदायको हित, कल्याण र सशक्तिकरणका लागि उल्लेख्य योगदान पुर्याउने व्यक्ति वा गैससहरुलाई प्रोत्साहित गर्न सामाजिक सेवा पुरस्कारहरुको स्थापना तथा वितरण गरिनेछ।

**३१. सामाजिक विकास कोषः**

गैरसरकारी संस्थाहरुमा कार्यरत कार्य समिति, कर्मचारी एंव स्वयंसेवकहरुको थप क्षमता विकासका लागि गाउँपालिकाले सामाजिक विकास कोषको स्थापना गरी परिचालन गर्न सक्नेछ।

**३२. दण्ड सजायः**

गाउँपालिकामा कार्यरत गैरसरकारी संस्थाहरुले काम गर्ने क्रममा आर्थिक हिनामिना वा कानुन विपरित कार्य गरेको पाईएमा त्यस्ता संस्थाहरुलाई काम गर्न रोक वा खारेजीका लागि दर्ता गर्ने निकाय समक्ष सिफारिस गर्न सक्नेछ। तर, सो अगाडी उक्त संस्थालाई स्पष्टिकरण वा आवश्यक विवरण माग गर्नुपर्नेछ।

**३३. मार्गनिर्देशिका बनाउने अधिकारः**

यस निर्देशिकाको उद्देश्य कार्यान्वय गर्न गाउँपालिकाले आवश्यक मार्ग निर्देशिका बनाउन सक्नेछ।

**३४. निर्देशिका संशोधनः**

(क) निर्देशिकामा संशोधन गर्नुपर्ने भएमा समितिले संशोधनको प्रस्ताव तयार गरी गाउँपालिकामा पेश गर्नुपर्नेछ।

(ख) समितिबाट पेश भएको निर्देशिका संशोधनको प्रस्तावमा गाउँपालिकाले आवश्यक छलफल गरी आवश्यक्ता अनुसार संशोधन पारित गर्नुपर्नेछ।

(ग) गाउँपालिकाबाट पारित भएपछि संशोधन लागु हुनेछ।

**३५. अधिकार प्रत्यायोजनः**

समितिले यस निर्देशिका बमोजिमको अधिकार निश्चित समयावधि र विषयमा समितिको निर्णयबाट तोकिएको सदस्य वा कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।



अध्यक्ष

### ३६. प्रमाणित तथा पत्राचारः

समितिको पत्राचार तथा कागजात प्रमाणित गर्न गाउँपालिकाको छाप तथा लेटरप्याड प्रयोग गर्नुपर्नेछ ।

### ३७. आचार सहिंताः

यस गाउँपालिकामा सूचिकृत भएका सबै गैससहरुले अनुसूचि ९ अनुसारको आचार सहिंता पूर्ण रुपले कार्यान्वयन गर्नुपर्नेछ । साथै गैरसरकारी संस्थाहरुका छाता संगठनहरु वा गैरसरकारी संस्थाहरु स्वयंले आचार संहिता निर्माण गरी लागु गर्नुपर्नेछ ।

### ३८. बाधा अड्काउ फुकाउने अधिकारः

यस निर्देशिकाको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा गाउँपालिकाले त्यस्तो वाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ । तर त्यस्तो आदेश गाउँपालिकाको कार्यपालिकाको त्यस लगत्तै बस्ने बैठकबाट अनुमोदन गर्नुपर्नेछ । यदि अनुमोदन नगरेमा वा नभएमा स्वतः निष्क्रिय हुनेछ ।

### ३९. बचाउ र लागु नहुनेः

(१) यो निर्देशिकामा लेखिएको हकमा यसै अनुसार र नलेखिएको कुरामा प्रदेश, संघीय एंव प्रचलित कानून बमोजिम हुनेछ ।

(२) संविधान तथा अन्य माथिल्ला सरकारका कानूनसंग बाझिएको हदसम्म यस निर्देशिकाका दफा तथा उप दफाहरु बाझिएको हदसम्म स्वतः निष्क्रिय हुनेछ ।

अध्यक्ष

## अनुसूचि १

### परिच्छेद २ नियम ३ (१) बमोजिम

### सूचिकृत प्रमाण पत्र

### सूचिकृत नं.........

श्री तातोपानी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

लिताकोट, जुम्ला, कर्णाली प्रदेश, नेपाल

**सूचिकृत प्रमाण पत्र**

........................................................................................ (संस्थाको नाम र ठेगना) लाई तातोपानी गाउँपालिकाको गैरसरकारी संस्था समन्वय, परिचालन तथा अनुगमन सम्बन्धी निर्देशिका २०८० को परिच्छेद २ नियम ३ (१) बमोजिम ........... साल ........... महिना .......... गते सूचिकृतको प्रमाण पत्र प्रदान गरिएको छ।

मितिः .............................                                        प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष

# अनुसूचि २

## परिच्छेद ३ नियम ६ (२) बमोजिम

गाउँ सभामा पेश गर्ने संस्थाको आगामी बर्षको कार्यक्रम विवरण

| कार्यक्रमको नाम | कार्यक्रमको अपेक्षा र उद्देश्य | कार्यक्रम लागु हुने क्षेत्र | कार्यक्रम लागु हुने समय | | कार्यकका लागि बजेट | साझेदार संस्था | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | देखि | सम्म | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

अध्यक्ष

## अनुसूचि ३
## परिच्छेद ६ नियम २९.१ (१) बमोजिम
## नयाँ संस्था दर्ता सिफारिस

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यु, मितिः

तातोपानी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

लिताकोट, जुम्ला

विषयः नयाँ संस्था दर्ताका लागि सिफारिस पाउँ

उपरोक्त सम्बन्धमा (संस्थाको मूख्य उद्देश्य) ........................................................... मुख्य उद्देश्य राखी संस्थाको पुरा नाम) ................................................... नामको (संस्थाको पुरा ठेगना) ........................................................ ठेगनामा कार्यालय रहेन गरी संस्था स्थापना गर्न (संस्थाको पुरा नाम लेख्ने) ........................................................ संस्थाको सदस्यहरुको निर्णयहरुबाट, आवश्यक पर्ने सम्पूर्ण कागजात संलग्न राखी निवेदन पेश गरेका छौं । जिल्ला प्रशासन कार्यालय, जुम्लामा संस्था दर्ताका लागि सिफारिस गरिदिनहुन अनुरोध छ ।

..........................

निवेदक

संस्थाको मुख्य उद्देश्यहरुः

१.

२.

३.

संस्था दर्ताका लागि गठित तदर्थ कार्य सञ्चालन समितिको विवरण र हस्ताक्षर

| क्र.स. | नाम थर | बाबुको नाम | आमाको नाम | बाजेको नाम | पति वा पत्नीको नाम | पद | स्थायी ठेगना | शैक्षिक योग्यता | दस्तखत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |
| ४ | | | | | | | | | |
| ५ | | | | | | | | | |



अध्यक्ष

## अनुसूचि ४

## परिच्छेद ६ नियम २९.१ (५) बमोजिम

## संस्थागत विवरण

**१) संस्थाको नाम**

नेपालीमाः

अंग्रेजीमाः

छोटकरीमाः

**२) संस्थाको ठेगना**

टेलिफोन नः फ्याक्स नः

इमेलः वेवसाईटः

सम्पर्क व्यक्तिको नामः पदः

टेलिफोन/मोबाईल नं

**३) प्रारम्भिक साधारण सभा भएको मितिः**

**४) संस्थाका सदस्यहरुको विवरणः**

सदस्यताको प्रकारः

सदस्य संख्याः ........ महिला, ............ पुरुषः .......... तेस्रो लिङ्गी .................. दलितः ................... आदिवासी/जनजातिः ............ अल्पसंख्यक/लोपोन्मुखः .............. अन्य विशेषः अपाङ्गता भएकाः ................ एकल महिलाः ............... अन्य ..............

५) संस्थाको कार्यक्षेत्र (विषय र विशेषज्ञताको रुपमा)

६) संस्थाको कार्यक्षेत्र (भौगोलिक रुपमा)

७) कार्यसमितिको कार्य अवधि र निर्वाचन मितिः

८) कार्यसमितिको विवरण

| क्र.स. | नाम थर | बाबुको नाम | आमाको नाम | बाजेको नाम | पति वा पत्नीको नाम | पद | स्थायी ठेगना | शैक्षिक योग्यता | दस्तखत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |

विवरण तयार गर्ने व्यक्तिको विवरण प्रमाणित गर्ने व्यक्तिको

अध्यक्ष

नामः
पदः
हस्ताक्षरः
मितिः

नामः
पदः
हस्ताक्षरः
मितिः

अध्यक्ष

## अनुसूचि ५

## परिच्छेद ६ नियम २९.२ (१) बमोजिम

## संस्था नविकरण सिफारिस

मितिः

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यु,

तातोपानी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

लितकोट, जुम्ला

विषयः संस्था नविकरणका लागि सिफारिस पाउँ।

उपरोक्त सम्बन्धमा .................... जिल्लामा दर्ता भएको दर्ता नं ......... को यस संस्थाको आ.व. ............ का लागि नविकरण गर्न आवश्यक पर्ने सम्पूर्ण कागजात संलग्न राखी सम्बन्धीत जिल्ला प्रशासन कार्यालयमा नविकरणका लागि सिफारिस गरिदिनहुन अनुरोध छ।

........................

निवेदक

अध्यक्ष

## अनुसूचि-६

### परिच्छेद नियम २९.२ (३) बमोजिम

#### संस्थागत विवरण

**१) संस्थाको नाम**

नेपालीमाः

अंग्रेजीमाः

छोटकरीमाः

**२) संस्थाको ठेगना**

**(क) केन्द्रिय कार्यालय**

प्रदेशः .................. जिल्लाः .................... गा.पा/न.पा ...........................

वडा नं ............... टोलः .................. टेलिफोनः ..................................

फ्याक्स नं .............................. इमेलः ........................................................................ पोष्ट बक्स नं

..................

वेवसाईटः ....................................................

सम्पर्क व्यक्तिको नामः ........................................................................ पदः ..............................

टेलिफोन/मोबाईल नं .......................................

**ख) अन्य सम्बन्धीत कार्यालय**

प्रदेशः .................. जिल्लाः .................... गा.पां/न.पा ...........................

वडा नं ............... टोलः .................. टेलिफोनः ..................................

फ्याक्स नं .............................. इमेलः ........................................................................ पोष्ट बक्स नं

..................

वेवसाईटः ....................................................

सम्पर्क व्यक्तिको नामः ........................................................................ पदः ..............................

टेलिफोन/मोबाईल नं .......................................

**३) संस्था दर्ता र आवद्धता सम्बन्धी विवरण**

दर्ता भएको कार्यालयः .........................................................................................................

जिल्लाः ...................................... दर्ता मितिः .............................. दर्ता नः ..........................

पछिल्लो नविकरण मितिः ..................................................

आवद्धता भएको कार्यालयः .................................................. जिल्लाः ......................................

आवद्धता मितिः .................................................... आवद्धता नं ....................................................

पछिल्लो नविकरण मितिः ............................................ आवद्धता नविकरण अवधिः

........................................

४) पछिल्लो साधरण सभा भएको मितिः

अध्यक्ष

५) संस्थाका सदस्यहरुको विवरण

सदस्यताको प्रकारः

सदस्य संख्याः .................... महिलाः ........................... पुरुषः .......................... अन्य ........................ जम्माः ..................

दलितः .................. आदिवासी/जनजातीः ................ अल्पसंख्यक/लोपोन्मुखः ......................... एकल महिलाः ......................

अपाङ्गता भएकाः ............................ अन्यः .......................

६) संस्थाको कार्यक्षेत्र (विषय र विशेषज्ञताको रुपमा) :

७) संस्थाको कार्यक्षेत्र (भौगोलिक रुपमा) :

८) कार्यसमितिको कार्य अवधि र पछिल्लो निर्वाचन मितिः

९) कार्यसमितिको विवरणः

| क्र.स. | नाम थर | बाबुको नाम | आमाको नाम | बाजेको नाम | पति वा पत्नीको नाम | पद | स्थायी ठेगना | शैक्षिक योग्यता | दस्तखत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |

१०) संस्थाले गत आ.व. मा सञ्चालन गरेको कार्यक्रमको विवरण

| क्र.स. | कार्यक्रमको नाम | मूख्य लक्ष्य उद्देश्य | कार्यक्षेत्र | कार्यक्रमको अवधि | कार्यक्रमको कूल बजेट | गत आव मा खर्च गरेको बजेट | साझेदार संस्था | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

११) संस्थाको अध्ययन, अनुसन्धान र प्रकाशनको विवरणः



अध्यक्ष

१२) संस्थाको अचल सम्पतीको विवरण

| क्र.स. | विवरण | संख्या/परिणाम | जम्मा मुल्य | कैफियत |
|---|---|---|---|---|
| १ | जग्गा (क्षेत्रफल) | | | |
| २ | सामाग्री (उपकरण) | | | |
| ३ | भवन (भवन संख्या, तला, कोठा संस्या) | | | |
| ४ | सवारी साधन (प्रकार, संख्या) | | | |
| ५ | फर्निचर | | | |
| ६ | अन्य | | | |

विवरण तयार गर्ने व्यक्तिको

नामः

पदः

हस्ताक्षरः

मितिः

विवरण प्रमाणित गर्ने व्यक्तिको

नामः

पदः

हस्ताक्षरः

मितिः

अध्यक्ष

## अनुसूचि ७

## परिच्छेद ६ नियम २९.२ (४) बमोजिम

चालु आव मा सञ्चालित कार्यक्रमको विवरण

| क्र.स. | कार्यक्रमको नाम | मूख्य लक्ष्य/उद्देश्य उद्देश्य | कार्यक्षेत्र | कार्यक्रमको अवधि | कार्यक्रमको कूल बजेट | यस आ.व. को बजेट | साझेदार संस्था | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

विवरण तयार गर्ने व्यक्तिको

नामः

पदः

हस्ताक्षरः

मितिः

अध्यक्ष

विवरण प्रमाणित गर्ने व्यक्तिको

नामः

पदः

हस्ताक्षरः

मितिः

संस्थाको छाप

## अनुसूचि ८

### परिच्छेद ६ नियम २९.४ (५) बमोजिम

१) संस्थागत विवरण

**२) संस्थाको ठेगना**

**(क) केन्द्रिय कार्यालय**

प्रदेशः .................. जिल्लाः .................... गा.पा/न.पा ...........................

वडा नं ................ टोलः .................. टेलिफोनः ....................................

फ्याक्स नं .............................. इमेलः ............................................................................ पोष्ट बक्स नं .................

वेवसाईटः ....................................................

सम्पर्क व्यक्तिको नामः ........................................................................ पदः ..............................

टेलिफोन/मोबाईल नं .......................................

**ख) अन्य सम्बन्धीत कार्यालय**

प्रदेशः .................. जिल्लाः .................... गा.पा/न.पा ...........................

वडा नं ............... टोलः ................. टेलिफोनः ....................................

फ्याक्स नं .............................. इमेलः ............................................................................ पोष्ट बक्स नं .................

वेवसाईटः ....................................................

सम्पर्क व्यक्तिको नामः ........................................................................ पदः ..............................

टेलिफोन/मोबाईल नं .......................................

३) गत आवमा कारोबार भएको जम्मा बजेटः

४) संस्थाको पछिल्लो साधरण सभा भएको मितिः

५) संस्थाको कार्यक्षेत (विषय र विशेषज्ञताको रुपमा)

६) संस्थाको कार्यक्षेत्र (भौगोलिक रुपमा)

७) कार्यसमितिको कार्य अवधि र पछिल्लो निर्वाचन मितिः

८) कार्यसमितिको विवरणः

| क्र.स. | नाम थर | बाबुको नाम | आमाको नाम | बाजेको नाम | पति वा पत्नीको नाम | पद | स्थायी ठेगना | शैक्षिक योग्यता | दस्तखत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |



अध्यक्ष

## अनुसूचि-९

### परिच्छेद ७ नियम २७ बमोजिम

यस गाउँपालिकामा सूचिकृत भएका गैससहरुले पालना गर्नुपर्ने आचार संहिता

१) संस्थाले आ.व. समाप्त भएको ३ महिनाभित्र बार्षिक साधारण सभा गर्नुपर्नेछ ।

२) संस्थाले आ.व. समाप्त भएको ३ महिनाभित्र बाह्य बार्षिक लेखपरिक्षण गर्नुपर्नेछ र सो प्रतिवेदनमा बार्षिक साधारण सभामा छलफल भई अनुमोदन भएको हुनुपर्नेछ ।

३) संस्थाको विद्यानमा उल्लेख भए बमोजिमको अवधिमा साधारण सभाबाट प्रजातन्त्रिक पद्धती अनुसार कार्यसमितिको निर्वाचन गर्नुपर्नेछ ।

४) संस्थामा आवद्ध समुह तथा सञ्चालन कार्यक्रमहरुलाई राजनीतिक लाभहानीका रुपमा उपयोग गर्न पाईनेछैन ।

५) संस्थाले धार्मीक, सामाजिक, राजनीतिक सद्भाव विथोल्ने गतिविधिमा संलग्न हुन, लबिइङ गर्न तथा पक्षविपक्षमा लाग्न पाईने छैन ।

६) बाह्य सहयोग लिई कार्यक्रम सञ्चालन गर्ने संस्थाहरुले बार्षिक रुपमा सबै सरोकारवालाहरुको सहभागितामा बार्षिक सामाजिक लेखापरिक्षण गर्नुपर्नेछ ।

७) संस्थाले सञ्चालन गर्ने कार्यक्रमहरुको विवरण विभिन्न माध्यमबाट अनिवार्य रुपमा सार्वजनिक गर्नुपर्नेछ ।

८) गाउँपालिका वा समितिले तोकेको अन्य आचारसंहिता पालना गर्नुपर्नेछ ।

अध्यक्ष